दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक २१ | बुटवल | २०८१ माघ ०२, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Jan 15, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## चार अध्यादेश जारी



बुटवल । राष्ट्रपति रामचन्द्र पौडेलले सरकारले सिफारिस गरेका विभिन्न ४ अध्यादेश जारी गरेका छन् । शुक्रबार बसेको मन्त्रिपरिषद्‌ले ५ वटा अध्यादेश सिफारिस गरेकोमा राष्ट्रपतिले तीमध्ये ४ वटा जारी गरेको राष्ट्रपति कार्यालय, शीतलनिवासले जनाएको छ ।

राष्ट्रपतिले सोमबार जारी गरेका ४ अध्यादेशमा सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१, निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ र आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ रहेका छन् ।

तर, राष्ट्रपतिले पौडेलले अहिलेलाई 'भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश'लाई थाती राखेका छन् । सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले मन्त्रिपरिषद्‌का निर्णय सार्वजनिक गर्दा ५ वटै अध्यादेश उल्लेख गरेका छन् ।

## अध्यादेशप्रति प्रचण्डको आपत्ति

बुटवल । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सरकारले अध्यादेश ल्याएकामा गम्भीर आपत्ति जनाएका छन् पूर्वप्रधानमन्त्रीसमेत रहेका प्रचण्डले सदन सामना गर्ने नैतिक साहस नभएका कारण केपी ओली नेतृत्वको सरकारले अध्यादेश ल्याएको टिप्पणी गरे । यसले वर्तमान सरकार सबभन्दा कमजोर, निरीह र गैरजिम्मेवार भएको प्रमाणित भएको जिकिर प्रचण्डले गरे ।

'सरकार उल्टो दिशामा छ । संवैधानिक परिषद्‌मा बहुमतको प्रयास, सदन बोलाउन सरकारले ढिला गरेर अध्यादेशबाट शासन गर्ने काम गरेको छ', उनले भने, 'अध्यादेश किन भने ऊसँग सदन फेस गर्ने नैतिक साहस छैन। यसले सरकार कमजोर सबभन्दा कमजोर, निरीह र गैरजिम्मेवार सरकार हो भन्ने पुष्टि हुन्छ। सदन चाँडो बोलाइयोस् ।'

## संविधान संशोधनमा मधेसी दलको साझा धारणा

काठमाडौं । मधेस केन्द्रित राजनीतिक दलहरूले संविधान संशोधनमा साझा धारणा बनाएर अघि बढ्ने सहमति गरेका छन् । मंगलबार काठमाडौंमा बसेको मधेसकेन्द्रित राजनीतिक दलहरूको कार्यदलस्तरीय बैठकले यस्तो निर्णय गरेको हो । संविधान संशोधन गर्दा मधेसको मुद्दालाई सशक्त रूपमा सम्बोधन गर्नुपर्ने भएकाले साझा धारणा बनाएर अघि बढ्ने भन्दै उनीहरूले सहमति गरेका हुन् । दुईदलीय प्रणालीमा लैजाने, थ्रेस होल्डलगायतका विषयले देशको राजनीतिलाई नै असर पार्ने काम भइरहेकाले साझा ढंगले अघि बढ्ने सहमति समेत भएको जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले जानकारी दिए ।

मधेसकेन्द्रित राजनीतिक दलहरू अब मोर्चा बनाएर अघि बढ्ने भन्दै उनले आगामी बैठकमा साझा एजेन्डा तयार गरिने बताए । विभिन्न कारणवश मधेस केन्द्रित दलहरू विभाजित भएको भन्दै अब सहकार्य गर्ने प्रण गरिएको र वार्ता समितिलाई सक्रिय बनाएर अघि बढ्ने उनले बताए ।

# रिडीमा माघे सङ्क्रान्ति स्नान गर्न घुइंचो



*गुल्मी, पाल्पा र स्याङ्जा जिल्लाको संगमस्थल ऐतिहासिक क्षेत्र गुल्मीको रुरुस्थित रिडीमा माघे सङ्क्रान्ति मेलामा तीर्थालु भक्तजनहरूको घुइँचो ।*

माघे सङ्क्रान्तिदेखि तीन दिनसम्म कालीगण्डकीमा स्नान गरेर हृषिकेश मन्दिरको दर्शन गरेमा मोक्ष प्राप्त हुने विश्वास रही आएको छ । हिन्दू धर्ममा विश्वास राख्नेहरू हरेक वर्ष माघे संक्रान्तिको दिन बिहानैदेखि रिडीमा जमघट हुने गर्दछन् ।रिडीमा स्नान गर्न गुल्मी, पाल्पा, स्याङ्जा, अर्घाखाँचीसँगै नेपालका धेरै स्थानबाट श्रद्दालु भक्तजनको सहभागिता रहने गर्दछ । चार धाममध्येको प्रशिद्ध धार्मिक स्थल रुरु (रिडी) मा माघे सङ्क्रान्ति मेला सुरू भएसँगै नुहाउने भीडभाड लाग्ने गर्दछ ।माघे सङ्क्रान्तिको अवसरमा स्नान गर्नाले देव ऋण, पितृ ऋण तिरिने धार्मिक विश्वास छ । भुल गरेर गरेका पाप नष्टसँगै मन शान्तिका लागि रिडी मेलामा आउने भक्तजनको भनाई रहेको छ ।यस क्षेत्रमा प्राचिन समयमा देवदत्तऋषिले तपस्या गरेको धार्मिक मान्यता छ । रुरुक्षेत्र धार्मिक, पौराणिक, ऐतीहासिक तथा पर्यटकीय दृष्टिकोणले पनि निकै महत्वपूर्ण मानिन्छ । माघे सङ्क्रान्तिको अवसरमा सेतीबेनी, रुद्रावेणी, लेक पोखरा छापहिले, इस्मा गाउँपालिकाको छल्दी लगयतका स्थानमा पनि मेला लाग्ने गर्दछ । तस्वीर : कृष्ण पोखरेल / पाल्पा

# बुटवलमा दीर्घकालिन पर्यटन योजना बनाउन

बुटवल । बुटवलको पर्यटन विकासमा एकरुपता र दीर्घकालिन योजना जरुरी रहेको एक कार्यक्रममा बोल्ने बक्ताहरुले बताएका छन् । रुपन्देही होटल तथा रेष्टुरेन्ट ब्यवसायी संघको आयोजनामा जारी बुटवल खाना महोत्सव तथा माघेसंक्रान्ती मेला २०८१ अन्तरगत मंगलबार भएको रुपन्देहीमा पर्यटन ब्यवसायको अवसर, अवरोध र निकास विषयक अन्तरक्रिया कार्यक्रममा बोल्ने बक्ताहरुले सरकार पर्यटनको विकासमा दिर्घकालिन योजना अघि बढाउनुपर्ने सुझाव दिए ।

कार्यक्रममा आर्थिक अनुसन्धान केन्द्रका अध्यक्ष हुमराज भुषालले कार्यपत्र प्रस्तुत गर्दै रुपन्देही पर्यटनमा सम्भावना बोकेको स्थल भएको बताए । अवरोधका रुपमा वित्तिय चुनौतीहरु रहेको भन्दै परियोजनामा आधारित लोनको ब्यवस्था हुनुपर्ने बताए । पर्यटन रुट तयार गर्ने, बेलहिया नाकालाई आगन्तुकमैत्री बनाउने, नुवाकोट सास्कृतिक डबली र जितगढी किल्लामा विशेष प्याकेज स्थानिय बासिन्दासंग समन्वय गरि कार्यक्रम चलाउने, पर्यटन ब्यवसायमा रहेको क्षेत्रियताको भावना हटाउन जरुरी छ ।

कार्यक्रममा पर्यटन उपाध्यक्ष तथा गोष्ठी संयोजक रोमाकान्त पाण्डेले बुटवलको पर्यटन विकासमा संस्थागत विकासमा लागेको बताए । बिसं २०५६ सालमा स्थापना भएको संस्था निरन्तर लागेको उनले बताए । सुस्ताएको पर्यटन क्षेत्रलाई आशा जगाउने गरि कार्यपत्र निर्देशन गर्ने उनले बताए । तिलोत्तमा नदीमा डुगा सयर जस्ता गन्तबयस्थल बनाउन सरकारको ध्यान जान सके यसले बुटवलको पर्यटन विकासमा टेवा दिने उनले बताए ।

कार्यक्रममा बुटवल उपमहानगरपालिकाका उपप्रमुख सावित्रादेवि अर्यालले बुटवलको आर्थिक विकास पर्यटनबाटै सम्भव रहेको बताईन । नेपालमा पर्यटनबाट आर्थिकमा फड्को मारेको छ । बटुवालाई भगवानका रुपमा स्वागत सत्कार गर्ने




नेपालीहरु अहिले यसैलाई ब्यवसायका रुपमा विकास भएको बताईन। बुटवल हुँदै दिल्लीका पर्यटकलाई मुक्तिनाथसम्म पुर्याउने योजना, पुरानो बुटवललाई एकरुपता दिने गरि परापुर्व कालको झल्को दिने गरि पर्यटकिय स्थल बनाउन आवश्यक तयारी गरिएको उनले बताईन । कार्यक्रममा पर्यटन विकास परिषदका निर्देशक रामु जोशीले लुम्बिनी पर्यटनको लागि प्राकृतिक रुपमा नै उत्कृष्ट गन्तव्य भएको भन्दै प्रदेश सरकार निरन्तर प्रवर्द्धनका कार्यक्रमलाई जोड दिदै आएको बताए ।

कार्यक्रममा टिप्पणीकर्ता युवराज कंडेलले नीजि क्षेत्र र सरकारबाट एकीकृत विकासको खाका तयार गर्न सुझाव दिए । ऐतिहासिक रुपमा रुपन्देही पर्यटनमा सबल क्षेत्र भएको भन्दै यसको प्रचारप्रसार र पर्यटक भुलाउने गरि प्याकेजमा जोड दिनुपर्ने उनले बताए ।

कार्यक्रममा संघका अध्यक्ष लेखनाथ भण्डारीले ब्यवसायीहरुको संस्थागत हकहितसंगै पर्यटन प्रवर्द्धनमा संघ निरन्तर लागेको बताए । रुपन्देहीका पर्यटकिय स्थलको पहिचान, प्रवर्द्धन र विकासमा सरकारसंग सहकार्य गर्दै आएको समेत उनले बताए । प्राकृतिक सम्पदा र पुर्वाधारले सम्पन्न लुम्बिनी प्रदेश अवसरै अवसर भएको समेत दाबी गरे ।

कार्यक्रममा नेपाल होटल संघका निवर्तमान अध्यक्ष हिराध्वज शाह, लुम्बिनी होटल तथा रेष्टुरेन्ट ब्यवसायी संघका अध्यक्ष महेन्द्र श्रेष्ठ, संघका सल्लाहकार समुन्द्र जिसी, कुलचन्द्र पाण्डे, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरि अर्याल, राष्ट्रिय उद्यान महासंघका अध्यक्ष खेम लुईटेल, संघका अध्यक्ष महासचिव अर्जुन थापाले पर्यटकिय सम्भावना भएर पनि प्याकेज र प्रचार नहुदा सोचजस्तो प्रगति हुन नसकेको दुखेसो गरे ।




२०८१ माघ ०२, गते बुधबार
Wednesday Jan.15, 2024

दैनिक लुम्बिनी

# सम्पादकीय

## रूरू क्षेत्रको पुर्नउत्थानमा ढिलाई नगरौं

रूरू क्षेत्र अर्थात रिडीको धार्मिक र सांस्कृतिक महिमा अतुलनीय छ । हिन्दु समुदायमा कालीगण्डकी नदीलाई निकै पवित्र मानिन्छ । रूरू क्षेत्रलाई पनि उत्तिकै पवित्र धामका रुपमा लिइन्छ । यहाँका धेरै सम्पदा निकै महत्वपूर्ण छन् । ती सम्पदालाई हिन्दु संस्कृतिमा निकै श्रद्धा गरिन्छ । पवित्र कालीगण्डकी र रूरू क्षेत्र सहित यहाँको महत्वपूर्ण स्थल ऋषिकेश मन्दिर हो । सोऱ्हौं शताब्दीमा पाल्पाका राजा मणिमुकुन्द प्रथमले कुनै दिन सपनामा नारायणको मूर्ति कालीगण्डकीमा छिपेको छ निकाल्नु भन्ने जानकारी पाए । कार्तिक शुक्ल एकादशीका दिन कालीगण्डकीमा स्नान गर्न गए । स्नान गर्दै गर्दा उनले कालीगण्डकीको गर्भमा ऋषिकेश भगवानको मूर्ति फेला पारे । फेला पारेको मूर्ति राजाले अहिले मन्दिर भएको स्थानमा प्रतिस्थापन गरे । ऋषिकेश मन्दिरको इतिहास पाँच सय वर्ष भएको पुष्टि हुन्छ ।

हिन्दु धर्मावलम्बीको पवित्रस्थल रूरू क्षेत्र कुनै बेला ख्याति निकै फैलिएको थियो । कालान्तरमा ओझेलमा पर्दै गयो । ओझेलमा परेको रूरू क्षेत्रमा योजनाबद्ध विकास गरी पुर्नउत्थान गर्न जरूरी छ । कुनै बेला भारतदेखि तिब्बतसम्म फैलिएको रूरूको वैभव फर्काउन छ वर्ष अघि शुरु भएको रूरू क्षेत्र गुरूयोजना कार्यान्वयन सुस्त छ । लुम्बिनी प्रदेशका संस्थापक मुख्यमन्त्री शंकर पोखरेलले रूरू क्षेत्रलाई महत्वपूर्ण धार्मिक पर्यटनको गन्तव्य बनाउन सकिन्छ भनेर शुरु गरेको रूरू क्षेत्र गुरूयोजना कार्यान्वयन गर्न त्यसपछिका सरकारले पटक्कै चासो दिएका छैनन् । टुक्रे योजना कार्यान्वयनका लागि बजेट छर्ने बानी परेकाहरुको प्राथमिकता 'ड्रिम प्रोजेक्ट' कार्यान्वयन गर्न चासो नजानु अस्वाभाविक होइन् । राजनैतिक अस्थिरताको कोपभाजनमा रूरू गुरूयोजना परेको छ ।

कालीगण्डकी करिडोर निर्माण सम्पन्न हुन लागेको छ । कालीगण्डकी करिडोर निर्माणले मुक्तिनाथ र पोखरासँगको दुरी घटाएको छ । सिद्धबाब सुरूङमार्ग निर्माण हुँदै गरेको र यो सम्पन्न भएपछि अझ भारतीय पर्यटकको आवागमन बढ्ने निश्चित छ । रूरू क्षेत्र हुँदै मुक्तिनाथ जाने गरी आन्तरिक तथा बाहय पर्यटकलाई आर्कषित गर्न सकिन्छ । रूरू गुरूयोजना कार्यान्वयन हुने बित्तिकै आर्कषक पर्यटकीय गन्तव्य बन्ने निश्चित छ । र, गुमेको चमक फर्काउन सकिन्छ ।

कुनै बेला भारतबाट धेरै साधुसन्त र तिर्थालुहरु रूरू आए । श्री ३ जुद्ध शमसेर जबरा १३ वर्ष लामो राजकाज त्यागेर रिडी नजिकै अर्गलीमा आएर बसेका थिए । श्री ५ त्रिभुवनको निधनपछि अस्थि सेलाउन रिडी ल्याइएको थियो । अठार महापुराण मध्येको एक बराह महापुराणमा उल्लेख भए अनुसार गण्डकीमा जीवित छदा स्नान गर्ने र निधन भएपछि अस्थि सेलाउने काम निकै महत्वपूर्ण रहेको मानिन्छ । पुराणमा उल्लेख भएकाले पनि रिडीमा नुवाउने प्रचलन धेरै पहिलेदेखि चल्दै आएको छ । पछिल्लो समय शासक वर्गको प्राथमिकतामा नपर्दा रिडी ओझेल पर्दै गयो ।

रिडीका बारेमा जुन मान्यता स्थापित छन्, ती मान्यताका बारेमा प्रचार गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्न सकिन्छ । सडक पूर्वाधार गुणस्तरीय बन्दै गएकाले आन्तरिक मात्रै नभई हजारौं भारतीय धार्मिक पर्यटक ल्याउन सकिन्छ । रिडीको पुर्नउत्थानले मुलुकको धार्मिक पर्यटन प्रवर्द्धनले फड्को मार्ने निश्चित छ ।

# लुम्बिनी प्रदेशका पालिकामा बेरूजु घट्दो

**दीपक बोहरा**
*दाङ*

लुम्बिनीका स्थानीय तहहरूले विगत भन्दा केही बेरुजु घटाएका छन् । आर्थिक बर्ष २०७८।०७९ मा २.९३ प्रतिशत रहेको बेरुजु आर्थिक बर्ष २०८९।०८० मा भने २.४७ प्रतिशतमा झरेको छ । महालेखा परीक्षकको ६१ औं प्रतिवेदन अनुसार, लुम्बिनी प्रदेशका स्थानीय तहको १ खर्ब ८१ अर्ब ६८ करोड ५ लाख ३५ हजार रकमको लेखापरीक्षण गर्दा ४ अर्ब ४८ करोड ९२ लाख ९९ हजार रुपैंया बेरुजु देखिएको हो, जुन २.४७ प्रतिशत हो । अघिल्लो वर्ष २.९३ प्रतिशत बेरुजु थियो । यसरी हेर्दा विगत भन्दा लुम्बिनीका पालिकाले बेरुजु दर घटाएका छन् । मुलुकका सात वटा प्रदेश मध्ये लुम्बिनी प्रदेशका पालिका बेरुजुमा तेस्रो स्थानमा छन् ।

महालेखाको प्रतिवेदन अनुसार, लुम्बिनीमा सबै भन्दा बढि बेरुजु नवलपरासीको पाल्हिनन्दन गाउँपालिकामा छ,जहाँ ९.७९ प्रतिशत अर्थात ११ करोड ८३ लाख ९५ हजार रुपैंया बेरुजु छ । त्यस्तै दोस्रोमा रूकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिका रहेको छ । लुम्बिनीका सबै भन्दा बढि बेरुजु देखिएका १० पालिका मध्ये प्यूठानमा धेरै छन् ।

यी १० पालिकाहरू मध्ये आर्थिक वर्ष २०७८ । ०७९ मा परेका धेरै बेरुजु आउने १० पालिकाहरू भने यसमा परेका छैनन् । त्यतिबेला सबै भन्दा धेरै बेरुजु आउनेमा कपिलबस्तुको मायादेवी गाउँपालिका परेको थियो जसको बेरुजु १२.३२ प्रतिशत थियो । तर, अहिले सो पालिका बेरुजु २.९६ प्रतिशतमा झार्न सफल भएको छ । उक्त गाउँपालिका आर्थिक वर्ष २०७७।०७८ मा पनि सबैभन्दा बढि बेरुजु हुने पालिकाका रुपमा रहेको थियो ।

**के विषयमा भए बेरुजु?**

पालिकाहरूमा फरक-फरक खालका बेरुजु छन् । कतिपयले निर्माण व्यवसायीलाई बढि भुक्तानी दिएका छन् भने कतिपयमा कर्मचारीले लिएको भत्ता बेरुजु भएको छ ।

**पाल्हिनन्दनमा राजश्व नै दाखिला भएन**

पालिकाका वडा नं.२, ४ र ५ ले उठाएको राजश्व मध्ये १० लाख १९ हजार ७ सय ८६ रुपैंया दाखिला भएन । राजश्व संकलन भएकै दिन लेखा राखी बैंकमा दाखिला गर्नुपर्नेमा त्यसो नगरी हिसाब नै नराखेको पाइयो ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत राधाकृष्ण माविको २ कोठे भवन निर्माण आ.ब. २०७८ ।०७९ मा सक्नु पर्नेमा म्याद थप गरिएको र भवन निर्माण वापत दुई पटक गरी २१ लाख ६८ हजार ६५ रुपैंया मध्ये पेश्की स्वरुप दिइएको रकम कट्टा नगरी पुरै रकम भुक्तानी दिइयो । त्यस्तै लोहोलौरा अस्पतालदेखि नहरसम्म बेस तयार पार्ने योजनामा पनि निर्माण कम्पनीलाई दिएको ५ लाख ४० हजार पेश्की कट्टा गरिएन् ।

निर्माण व्यवसायीहरूले बोलकबोल गरेको दर र सोझै खरिद गर्दाको दरमा १ लाख २९ हजार ८ सय १८ रुपैंया फरक परेको छ । नियमानुसार भेरिएसन नगरी निर्माण कार्यमा थप व्ययभार पारेको थियो । जनता आवासका दुईवटा घर निर्माण गर्दा कोटेशन गरी सोझै खरिद गरेको र भेरिएसन आदेश बेगर बाँकी कामको सोझै खरिद गर्दा १ लाख ५१ हजार ८ सय ३० रुपैंया व्यायभार पऱ्यो । पालिकाले उपभोक्ता समितिबाट काम गर्दा विभिन्न योजनाहरूमा बील र भरपाई विना भुक्तानी दिने गरेका छन् ।

**पुथाउत्तरगंगामा विजक भन्दा बढि भुक्तानी**

पालिकाले एउटै उपभोक्ता समितिलाई दुईवटा शीर्षकमा पालिकाको पुँजिगत र प्रदेश पुँजीगतबाट दोहोरो भुक्तानी दिइयो । पालिकाले ओख्मा-त्रिवेणी सडक निर्माण उपभोक्ता समितिलाई १ लाख २६ हजार ९ सय ३४ रुपैंया बढि भुक्तानी दियो । डिग्रे आधारभूत विद्यालयलाई सम्झौता भन्दा २८ लाख १२ हजार ७ सय ६८ रुपैया बढि भुक्तानी गऱ्यो । सम्झौता मितिमा काम पूरा नगर्ने ठेकेदारबाट जरिवाना लिनुपर्ने प्रावधान बमोजिम दुई वटा निर्माण व्यवसायीबाट १ लाख ८५ हजार र ३ लाख ७१ हजार ९ सय २३ रुपैंया असुल गर्नुपर्नेमा गरिएन् । कास्तरा-खारखोला हुँदै चारगाउँ जाने सडक निर्माण उपभोक्ता समितिलाई ४ लाख ३९ हजार तीन सय ५८ रुपैंया बढि भुक्तानी गरियो । त्यस्तै देउराली माविको खेल मैदान निर्माण कार्यकालागि मूल्यांकन भन्दा १ लाख २० हजार बढि भुक्तानी गरियो ।

पालिकाले दरबन्दी भन्दा ३६ जना बढि कर्मचारी राखि ३४ लाख ८७ हजार ४ सय २९ रुपैंया बढि तलब खुवायो । त्यस्तैगरी, पदमा बहाली नहुँदै स्वास्थ्यका कर्मचारीलाई तलब खुवायो । कर्मचारीलाई कार्यालयमा हाजिर भएका दिनको पनि भ्रमण भत्ता दिइयो ।

कार्यालयले स्काभेटर, ब्याक हो लोडर, एम्बुलेन्स वापत बिभिन्न कर्मचारीबाट संकलित राजश्व दाखिला गरिएन ।

झिमरुकमा अन्तिममा बीमा बनाएर, पैसा हत्याउने खेल

निर्माण व्यवसायीले विभिन्न मेसिन, औजार वा प्लान्टको प्रतिस्थापन खर्चको बीमा निर्माण सुरु हुने बेला नै गर्नुपर्नेमा काम सकिसकेपछि बीमा गरी त्यसवापत भुक्तानी दिइयो । अरु दुईवटा निर्माण व्यवसायीलाई पनि यस्तै खालको भुक्तानी गरिएको छ । त्यस्तै वडा नं.२ मा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमकालीग ४८ हजार एक सय २० रुपैंया बढि भुक्तानी भयो । गंगादेवमा पहिरो फाल्ने काम तर सम्माउने भनेर बजेट

गाउँपालिकाले विभिन्न सडकमा पहिरो फाल्ने काम गरेकोमा सम्याउने समेतको नापी गरी २१ लाख ५० हजार ६ सय ५८ रुपैंया बढी भुक्तानी गरियो । पालिकाले पहिरो फाली सडक सफाई गर्ने कामकालागि नियम विपरित भुक्तानी गरियो । यस्तैगरी कतै मूल्य अभिवृद्धि कर कम तिरेको, कतै बील भपाई बेगर भुक्तानी दिने गरिएको छ ।

वन कार्यालयको अनुमति नलिइ सुकिदह पर्यटकीय तथा धार्मिक स्थल प्रवर्द्धन निर्माण योजनाको डिपिआर तयार गरेवापत ९ लाख ४८ हजार २ सय ११ रुपैंया भुक्तानी दिइयो । सोही ठाउँमा ठेक्का गरी ठेकेदार कम्पनीलाई काममा जिम्मा दिएर केही काम भएपनि वन कार्यालयले ठेक्का रद्द भनेपछि कामको मूल्याङ्कन गरेर ६ लाख ३८ हजार ६ सय २० रुपैंया भुक्तानी दिएकाले खरिद नियमावली बमोजिमका निर्माण कार्य पूर्वका तयारी कार्यहरू सम्पन्न नगरी ठेक्का व्यवस्था गर्दा भएको खर्चबाट असुल हुनुपर्ने ।

**किन देखिन्छ बेरुजु**

लेखा परीक्षकको कार्यालयले सैद्धान्तिक र असुल हुनुपर्ने बेरुजु देखाउने गरेको लुम्बिनी प्रदेश मुख्यमन्त्री कार्यालयका लेखा अधिकृत ध्रुबराज न्यौपानेले बताए । उनका अनुसार, असुल हुनुपर्ने भनि लेखिएका बेरुजु असुल हुनुर्छ । दिन नपर्ने, दिनै नमिल्ने, बढि भुक्तानी दिने, कर नकाटेर भुक्तानी दिनेजस्ता अनियमितता पालिकामा हुने भएकाले पनि असुल गर्नुपर्ने बेरुजुको संख्या बढिरहेको छ । 'कुनै योजनाको स्टिमेट अनुसार काम भएको हुँदैनू, तर, भुक्तानी सबै हुन्छ, कुनैमा कर काट्नु पर्नेमा काटिएको हुँदैन, यस्ता धेरै समस्या पालिकामा हुने गर्छन', पालिकाको लेखा प्रमुख भएर समेत काम गरेका न्यौपानेले भने' यस्ता कुरामा ख्याल गर्ने पालिकाहरूमा बेरुजु कम हुनेगर्छ ।' त्यस्तै कागजात नपुऱ्याएर, प्रमाण पूरा नगरेर, फोटोकपी बीलबाट भुक्तानी गर्दा यसरी सैद्धान्तिक बेरुजु आउँछ ।

सम्बन्धित पालिकामा पनि आन्तरिक परीक्षक हुने गर्छ । नवलपरासी पश्चिमको पाल्हिनन्दन गाउँपालिकाका आन्तरिक लेखा परीक्षक गीता खड्काका अनुसार आन्तरिक लेखापरीक्षकले देखाएका बेरुजु घटाए पनि अन्तिममा हुने बेरुजुदर कम हुन सक्छ । निति पात्रोबाट

# वृद्धवृद्धालाई जाडोबाट कसरी जोगाउने?




जाडो मौसम प्रायः सबैका लागि असहज नै हुन्छ। अझ वृद्धवृद्धाका लागि त यो मौसम निकै कष्टकर हुन्छ। जाडोले उनीहरुको स्वास्थ्यमा छिट्टै नकारात्मक प्रभाव पार्न सक्छ। मुटु तथा श्वास-प्रश्वासका बिरामी छन् भने त यो मौसमले झन जटिल समस्या ल्याउन सक्छ।

प्रत्येक वर्ष २० हजारभन्दा बढी वृद्धवृद्धाको मृत्यु जाडोको कारणले हुने गरेको छ। यसरी मृत्यु हुनेमा आधा अर्थात १० हजार जति मुटुसम्बन्धी रोग लागेका पर्छन् भने ५ हजार जति श्वास-प्रश्वाससम्बन्धी रोग लागेका र मांसपेसी कमजोर भई लड्ने गरेका हुने अध्ययनले देखाएको छ।

वृद्धावस्थामा प्राकृतिक तवरले शरीरको क्रियाकलापमा कमी आउने, शरीर कमजोर हुने, खानाप्रति रुचि कम हुने, खाएको खाना उचित रुपमा सदुपयोग गर्न नसक्ने जस्ता कारणले रोग-प्रतिरोधात्मक क्षमतामा कमी आउने हुन्छ। जसका कारण जाडो याममा छिट्टै संक्रमण हुने सम्भावना बढी हुन्छ।

यसका साथै मुटुसम्बन्धी रोग तथा ब्रोङ्काइटिस, दम, इम्फिसेमा जस्ता श्वास-प्रश्वाससम्बन्धी रोग लाग्दा स्थिति झन नाजुक बनाउँछ।

जाडोबाट बच्न न्यानो लुगा, बस्ने उचित व्यवस्था मिलाउनुका साथै दैनिक खानामा पनि ध्यान पुऱ्याउन सकेमा यस्ता समस्या हुनबाट केही हदसम्म जोगिन सकिन्छ। भण्डै ९० प्रतिशत जति व्यक्तिको स्वास्थ्य स्थिति उसले खाने खानामा भर पर्छ।

स्वास्थ्य र पोषिलो खानाले वृद्धावस्थामा देखिने विविध प्रकारका रोगहरु जस्तै मुटुसम्बन्धी रोग, केही प्रकारका क्यान्सर, कब्जियत, मोटोपना, दाँत किराले खाने, कुहिने आदि समस्यालाई कम गर्छ। उचित प्रकारले खाद्य पदार्थको छनोट र उपयुक्त खाना खाने बानीले शरीर स्वस्थ र न्यानो राख्न मद्दत पुऱ्याउँछ।

अन्य अवस्थाको साथै जाडो याममा दैनिक भोजनको व्यवस्था गर्दा तिनै खाद्य समूहबाट पर्ने गरी भोजनको योजना गर्नुपर्छ। यसरी योजना गर्दा व्यक्तिको दैनिक क्यालोरी, प्रोटिन, खनिज पदार्थ, भिटामिनको आवश्यकता, उसको शारीरिक अवस्थालाई ध्यान पुऱ्याउनुपर्छ।

साधारणतयाः वृद्धावस्थामा शारीरिक क्रियाकलाप कम हुने भएकोले व्यक्तिको बेसल मेटाबोलिजमको दर (बिएमआर) कम हुन्छ तर जाडोमा अन्य मौसममा भन्दा बिएमआर बढ्ने हुनाले यस समयमा केही थप क्यालोरी आवश्यक पर्छ। व्यक्तिको शरीरको तौलअनुसार दैनिक परिमाण कम वा बढी गर्नुपर्छ। वृद्धावस्थामा क्यालोरीको परिमाण कम गरे पनि प्रोटिनको आवश्यकता वयष्कलाई जति नै पर्छ।

यस अवस्थामा पुरुषको लागि एक किलोग्राम शरीरको तौलबराबर एक ग्राम प्रोटिन आवश्यक हुन्छ भने महिलाको लागि ०.८ ग्राम प्रोटिन आवश्यक हुन्छ। यस अवस्थामा खासगरी प्रोटिनको आवश्यकतालाई विशेष ध्यान दिनुपर्छ। एक त उनीहरुमा खानामा रूचि कम हुने र राम्ररी पचाउन नसक्ने हुन्छ भने अर्कोतिर मांसपेसी कमजोर हुने भएकोले खानामा प्रोटिन भएको खाद्यपदार्थ समावेश गर्दा गुणस्तरीय प्रोटिनयुक्त खाद्यपदार्थको छनोट गर्नुपर्छ।

यस अवस्थामा प्रायजसो क्याल्सियम, लौहतत्व जस्ता खनिज पदार्थ राम्ररी शोषण नहुने, हाडको धनत्व कम हुने, मांसपेसी कमजोर हुने, अस्टोमलेसिया, एनिमियाजस्ता समस्या हुन्छन् भने जाडो मौसममा यीबाहेक शरीरको तापक्रम कम भई चेतना हराउने, लडेर हातखुट्टा भाँचिने सम्भावना हुन्छ। यसको लागि दैनिक खानामा प्रशस्त क्याल्सियम तथा लौहतत्वयुक्त खाद्यपदार्थ समावेश गर्नुपर्छ।

यस अवस्थामा दैनिक क्याल्सियम ०.८ देखि १० ग्राम र लौहतत्व ३० देखि ४० मिलिग्राम आवश्यक पर्छ। यसैगरी शरीरमा संक्रमण रोग लाग्न नदिन तथा अन्य पौष्टिक तत्वको कार्यलाई टेवा पुऱ्याउन दैनिक खानामा भिटामिनलाई पनि ध्यान दिनुपर्छ। विशेषगरी ए, बी, बी१२, सी र डी भिटामिन खानाबाट पूर्ति गर्नुपर्ने हुन्छ।

कब्जियत र जलवियोजन जस्ता समस्याले बुढाबूढीलाई बढी पिरोलेको हुन्छ। एक त यस उमेरका व्यक्तिमा तिर्खा नलाग्ने, तिर्खा नलागुन्जेलसम्म पानी नपिउने बानी, त्यसमाथि जाडो मौसममा साधारणतयाः कम मात्र पानी पिउने हुन्छ। यसैगरी खाना चपाउन र पचाउन गाह्रो हुने भएकाले दैनिक भोजनमा फाइबरयुक्त खाद्यपदार्थ समावेश पनि कम हुन्छ। यी समस्यालाई कम गर्न खानामा पोषिलो, तातो झोल खाद्यपदार्थ तथा हल्का पचाउन सक्ने किसिमको फाइबरयुक्त पदार्थहरु समावेश गर्नुपर्छ। यसबाहेक उनीहरुलाई सकेसम्म बढी पानी पिउनमा जोड दिनुपर्छ।

**ध्यान दिनुपर्ने कुरा**

वृद्धावस्थामा शरीरका सम्पूर्ण प्रणालीमा धेरै परिवर्तन हुन्छ भने उनीहरू कुनै न कुनै रोगबाट ग्रसित हुन्छन् । जाडो याममा त उनीहरुको स्थिति झन नाजुक हुन सक्छ। त्यस कारण जाडोबाट बच्न र स्वस्थ रहन अन्य कुराका साथै दैनिक पोषिलो र तातो खानामा ध्यान पुऱ्याउनपर्छ। यसका साथै निम्न कुराहरुमा पनि ध्यान दिनुपर्छः

- दैनिक भोजनको योजना गर्दा पोषिलो खाद्यसमूहबाट पर्ने गरी खाद्यपदार्थको छनोट गर्नुपर्छ।
- मौसमअनुसार खाद्यपदार्थको छनोट गर्नुका साथै बुढाबूढीले खाना चपाउन तथा पचाउन सक्ने हुनुपर्छ।
- यस अवस्थामा छिटो खान नसक्ने र चाँडै खाना चिसो हुने भएकोले थोरै तर पटक–पटक दिँदा बेस हुन्छ।
- प्रोटिन तत्वहरु शरीरमा राम्ररी शोषण नहुने भएकोले यी तत्वहरुको परिमाण र गुणस्तरमा ध्यान दिनुपर्छ।
- बुढाबुढीलाई दिने खानाको उचित छनोट गर्नुका साथै पकाउने उपयुक्त विधि अपनाउनुपर्छ। किनकी प्रायजसोको दाँत र गिजा कमजोर हुने भएकाले उनीहरु नरम खाना रुचाउने हुन्छन् ।
- प्रायः जाडो मौसममा शरीरको तापक्रम कम भई बिसन्चो हुने, चेतना हराउने, एकाग्रता नहुने, विस्तारै श्वास फेर्ने, नाडी कमजोर हुने उचित उपचार नपाएमा मृत्युसमेत हुनसक्ने भएकोले पोषिलो तथा तातो खानाको व्यवस्थाका साथै सम्बन्धित चिकित्सकसँग उचित परामर्श लिनुपर्छ।
- प्रशस्त तातो पोषिलो झोल पदार्थ पानी पिउन दिनुपर्छ। यस उमेरसम्म आफ्नै प्रकारको खाना खाने प्रवृत्ति तथा बानी हुने भएकोले सम्झाइबुझाइ नकारात्मक बानीमा परिवर्तन गर्नुपर्छ।
- दैनिक खानामा प्रशस्त मात्रामा दुध, माछा, मासु, अन्डा, हरियो सागपात, ताजा फलफूल समावेश गर्नुपर्छ।
- भिटामिन 'सी' युक्त फलफूल, जुस, सुप दैनिक भोजनमा कमसे कम एक पटक समावेश गर्नुपर्छ।
- इच्छा लागेर पनि दाँतको कारणले वा खान गाह्रो भई कतिपय खानेकुरा खान नसक्ने हुन्छ। जसले गर्दा कहिलेकाहीँ वृद्धहरु पोषिलो खानाबाट वञ्चित हुन बाध्य हुन्छन् । त्यस्तो अवस्थामा मसिनो गरी काटेर अन्य खाद्यपदार्थको साथ मिलाई नरम पारेर पकाउनेजस्ता कुरामा विशेष ध्यान दिनुपर्ने हुन्छ।
- यदि खानाप्रति रुचि कम छ भने सकेसम्म स्वादिलो तवरले आकर्षक ढंगले सजाएर खुवाउँदा बेस हुन्छ।
- सकेमा मुख्य खानाको बीच–बीचमा दुध, सुप, जुस दिँदा बेस हुन्छ। साथै राति सुत्नुअगाडि तातो दुध पनि दिन सकिन्छ। थर्मसमा सम्भव भए तातो झोल पदार्थ अथवा नभए तातो पानी मात्र भए पनि राखिदियो भने बुढाबूढीहरु आफैंले समय–समयमा पिउन सक्छन् ।

# च्याउ किन खाने ?



पोषक तत्त्व पाइने भएकाले च्याउलाई स्वास्थ्यका हिसाबले उपयुक्त तरकारी मान्न सकिन्छ । च्याउ विभिन्न प्रकारका पौष्टिक गुणले भरिपूर्ण छ । च्याउबाट प्रशस्त मात्रामा भिटामिन र खनिज पदार्थ प्राप्त गर्न सकिन्छ ।

च्याउबाट अत्यधिक मात्रमा फाइबर, प्रोटिन, भिटामिन डी, भिटामिन बी लगायत तत्वहरू पाउन सकिन्छ । तरकारीका रूपमा यसको उपभोग छँदै छ । पछिल्लो समय च्याउको पकौडा, सुप, फ्राई, साँधेकोदेखि मःमः समेत बनाउन थालिएको छ । यस्ता विभिन्न परिकार बनाएर खाना मिल्ने च्याउ 'ढुसी' प्रजातिभित्र पर्छ ।

पोषणविद् सन्जिला श्रेष्ठ च्याउ फाइबरको स्रोतको पहिलो नम्बरमा पर्ने बताउँछिन् । 'अन्य तरकारीको तुलनामा यसमा धेरै फाइबर हुन्छ ।

१०० ग्राम च्याउबाट ३.६ ग्राम प्रोटिन पाउन सकिन्छ,' उनले भनिन्, 'प्रोटिनको स्रोत पनि भयो । भिटामिनहरू पनि प्रशस्त मात्रमा पाइन्छ ।'

च्याउमा पाइने भिटामिन डीले हड्डी बलियो बनाउने, भिटामिन बीको कमी पूरा गर्ने काम गर्दछ । श्रेष्ठको भनाइमा च्याउ प्रायः सबै उमेरकाले खान मिल्छ तर किड्नीको समस्या भएकाहरूले प्रोटिनको मात्रा हेरेर खान उपयुक्त हुन्छ । श्रेष्ठ भन्छिन्, 'किड्नीका समस्या भएकाहरूले प्रोटिनको मात्रा हेरेर खानुपर्छ । बाँकी सबैले च्याउ खान सक्छन् ।'

च्याउमा प्रोटिनको मात्रा राम्रो हुन्छ, जसले मांसपेशी निर्माण र मर्मतमा मद्दत पुऱ्याउँछ । शाकाहारी व्यक्तिहरूका लागि यो प्रोटिनको राम्रो स्रोत मानिन्छ ।

उनका अनुसार च्याउमा सेलेनियम हुन्छ । च्याउ एन्टी अक्सिडेन्टको राम्रो स्रोत हो, जसले शरीरलाई रोगसँग लड्न मद्दत गर्छ ।

यसका साथै पोटासियम मात्रपनि प्राप्त गर्न सकिन्छ । यसले रक्तचाप नियन्त्रण र मांसपेशीहरूको कार्य सुधार गर्न मद्दत गर्दछ ।

# देवदहमा मनाइयो माघेसंक्रान्ति




देवदह। मगरहरु राज्यको मुल प्रवाहमा पुग्न नसक्दा संविधानले दिएको अधिकार समेत प्राप्त गर्न नसकेको लुम्विनी प्रदेशका स्वास्थ्य मन्त्री खेमबहादुर सारुले बताएका छन् । उनले मगरहरु सांस्कृतिक रुपमा धनी भएको बताउदै मगरहरु राज्यको मुल प्रवाहमा अगाडि बढ्न आवश्यक रहेको अैल्याए। नेपाल मगर संघ देवदह नगर समितिले माघे संक्रान्ति-२०८१, को अवसरमा आयोजित कार्यक्रममा बोल्दै मन्त्री सारुले शिक्षालाई बढि महत्व दिनु पर्ने बताए। उनले देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न मगरहरुको महत्वपूर्ण भूमिका रहेको बताउदै मगर समुदायमा रहेका संस्कृति संरक्षण गर्न तिनै तहको सरकारले सहयोग गर्नुपर्नेमा जोड दिए।

उनले माघी पर्वलाई खानपिनको रुपमा मात्र नभएर एक आपसमा सद्भाव कायम गरी संस्कृति संरक्षणको रुपमा मनाउन आग्रह गरे।

मन्त्री सारुले विभिन्न जातजाती समुदायको भाषा, संस्कार, संस्कृति संरक्षणमा लुम्विनी प्रदेश सरकारले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । उनले मगर भाषालाई सरकारी कामकाजको भाषाको रुपमा लैजान सवैले आ-आफनो ठाउबाट दवाव दिन आवश्यक रहेको औल्याए।

उनले आफनो अधिकार खोज्दा अरुको अधिकार प्रति सचेत रहनु पर्ने बताउदै सवै जातजाती वीच एक आपसमा सद्भाव कायम गर्न सकेमात्र समृद्धि प्राप्त गर्न सकिने बताए।

उनले मगर समुदायमा रहेका विकृति, विसंगति अन्त्य गर्न आवश्यक रहेको बताउदै मगर समुदायको प्रमुख चाडपर्वलाई प्रदेश सरकारले चासोको रुपमा हेरेको बताए। सोही अवसरमा बोल्दै देवदह नगरपालिकाका उपप्रमुख विद्यालक्ष्मी गुरुङ्गले सवै जातजातीको अधिकार सुनिश्चित गर्न नगरपालिका लागि रहेको दावी गरे।

उनले सम्पूर्ण जातजातीको भाषा, संस्कार र संस्कृति संरक्षणमा नगरपालिकाले बजेटको व्यवस्था गरेर अगाडि बढेको बताए।

उपप्रमुख गुरुङ्गले सिमित श्रोत साधन भएका कारण नागरिकको अपेक्षा अनुसार काम गर्न नसकेको बताउदै देवदहलाई समृद्धि बनाउने अभियानमा नगरवासीको सहयोग रहेको बताइन् । यसैगरी नेपाल मगर संघका सहअध्यक्ष दलबहादुर विरकट्टाले हरेक जातजातीको भाषा, संस्कार, संस्कृतिको संरक्षणमा स्थानीय तहले अपनत्व लिन आवश्यक रहेको बताइन्।

उनले भौतिक पुर्वाधार संगै मानवीय विकास आवश्यक रहेको बताउदै देशलाई समृद्ध बनाउन सवैको दायित्व भएको बताईन्।

नेपाल मगर संघ देवदह नगर समितिका अध्यक्ष मनबहादुर रानाको अध्यक्षतामा भएको कार्यक्रममा संघका केन्द्रिय अनुशासन विभाग सदस्य जसबहादुर पुन, नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष मिना श्रेष्ठ लगायतले आ-आफना भनाई राखेका थिए।

कार्यक्रममा राष्ट्रिय कलाकार राजु गुरुङ, रितु थापा तथा स्थानीय कलाकारहरुको बेजोड प्रस्तुती रहेको थियो । संघका उपाध्यक्ष किशनबहादुर थापाको स्वागत र सचिव मिलन मास्की रानाको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# त्रिभुवन क्याम्पस क्याम्पस प्रमुखमा डा. पन्थ

पाल्पा । त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाको क्याम्पस प्रमुखमा डा. टंक प्रसाद पन्थ नियुक्त भएका छन । त्रिभुवन विश्वविधालयले गरेको क्याम्पस छनोट पक्रियामा उत्कृष्ट भई उप प्राध्यापक डा. पन्थ ४ बर्षको लागी क्याम्पस प्रमुख नियुक्त भएका हुन।

२०५६ सालमा आशिंक प्राध्यापकको रुपमा त्रिभुवन बहुमुखी क्याम्पस तानसेन बाट सेवा शुरु गरेका डा पन्थ २०६२ करार सेवामा प्रवेश गरेका थिए। २०६८ सालमा खुला प्रतिष्पर्धाबाट उप प्राध्यापक स्थायी भएका डा. पन्थ २०७३ साल सम्म सोही क्याम्पसमा सहायक क्याम्पस प्रमुख भई काम गरेका गरेका थिए । २०७३ साल देखी हाल सम्म क्याम्पस व्यबस्थापन समिती र कार्यसमितीमा रही काम गर्दै आएका थिए। ४ बर्षे कार्यकालमा क्याम्पसको शैक्षिक, भौतिक गुणस्तर सुधारमा लाग्ने क्याम्पस प्रमुख डा. पन्थले बताए । स साना योजनाहरु पुरा गर्दै लुम्विनी प्रदेशकै उत्कृष्ट क्याम्पस बनाउने गरी विश्वविधालयमा सोधपत्र पेश गरेको सोही अनुसार कार्ययोजना बनाएर, पुर्व क्याम्पस प्रमुख, पाल्पाका शिक्षाविदहरु, स्ववियु, विधार्थी संघ संगठनको राय, सल्लाह सुझाव लिएर, सहमती, सहकार्य बाट क्याम्पसको गुणस्तर सुधारमा पहिलो प्राथमिकता रहने नव नियुक्त क्याम्पस प्रमुख डा. पन्थले बताए।

क्याम्पसका दरवन्दी अनुसार कर्मचारी, प्राध्यापकहरु नहुदा, दैनिक कामकाज देखी सोधखोन, अनुसन्धानमा प्रभाव परेकोले विश्वविधालय संग दरवन्दी अनुसारको पदपुर्ती माग गरेको क्याम्पस प्रमुख डा. पन्थले बताए। क्याम्पस प्रमुख डा. पन्थले २०७९ सालमा कवि माधव प्रसाद घिमिरेका गितमा ध्वनी विषयमा विधावारधी गरेका हुन।

## श्री पशुपति माध्यमिक विद्यालय

**रोहिणी –६ पर्सा रूपन्देही**

## विज्ञापन, सम्बन्धमा

मिति २०८१/०९/२९

उपरोक्त विषय सम्बन्धमा यस श्री पशुपति माध्यमिक विद्यालयको मिति २०८१/०९/२८ को विद्यालय व्यवस्थापन समितिको निर्णय तथा रोहिणी गा.पा. शिक्षा तथा खेलकुद शाखाको च.न. ५०४ मिति २०८१ / ९/२४ को विज्ञापन अनुमति अनुसार यस विद्यालययमा रित्त रहेको विद्यालय सहायक कर्मचारी । लेखापाल को विज्ञापन गर्नुपर्ने भएकोले तपसिल वमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त पेश गर्नुहुन १५ दिनको म्याद राखी विज्ञापन प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ।

**तपसिल**

**विज्ञापन नं.**:०१/२०८१/०८२ **पद** : विद्यालय सहायक कर्मचारी (लेखापाल) (करार)
**योग्यताः** मान्यता प्राप्त शिक्षण संस्था बाट आई. कम. वा सो सरह उत्तीर्ण
**उमेरः** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको **तलब स्केल** : नेपाल सरकारको प्रचलित नियम अनुसार
**आवश्यक कागजातहरु :**
- नेपाली नगरिकताको प्रतिलिपि थान-२
- शैक्षिक योग्यता प्रमाणपत्रका प्रतिलिपिहरु थान २/२
- हस्तलिखित निवेदन थान-१
- परीक्षाको दिन सम्पूर्ण उमेदवारले आ-आफ्नो सक्कल प्रमाणपत्र ल्याउनु पर्ने छ।

**परीक्षाको किसिम** : लिखित र मौखिक (आवश्यक परे प्रयोगात्मक समेत) **परीक्षा दस्तुर** : रु.२,०००/-
**दरखास्त दिने अन्तिम मिति** : २०८१/१०/१४ गत सोमबार अपरान्ह ४ बजे सम्म।
**सम्पर्क मिति** : २०८१/१०/१६ गते बुधबार अपरान्ह ४ बजे
**थप जानकारीको लागि व्य. स. अध्यक्ष ९८६७२१०६९४, ९८६७४४०६२१**
**पुनश्च : रित नपुगेको निवेदन उपर कुनै सुनवाइ हुने छैन।**

# कार्यशाला सम्पन्न



बुटवल । निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियन जिल्ला कार्यसमिति रुपन्देहीले शासन सञ्चालनमा र प्रशासन बिचको अन्तरसम्बन्ध तथा सीमाहरू विषयक कार्यशाला सम्पन्न भएको छ। कार्यक्रममा रुपन्देही क्षेत्र नम्बर ५ का प्रतिनिधि सभा सदस्य सांसद , राज्यव्यवस्था तथा सुशासन समितिका सदस्य वासुदेव घिमिरेको प्रमुख आतिथ्यता रहेको थियो।

आधिकारिक ट्रेड युनियन जिल्ला कार्यसमितिका अध्यक्ष रमेश पाण्डेको अध्यक्षतामा कार्यशाला सुरु भएको थियो । अध्यक्ष पाण्डेले स्थानीय तहका जनप्रतिनिधि र प्रशासनिक कर्मचारीबिचको अन्तर घुलन र स्थानीय सरकार सञ्चालनका निमित्त कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रमको मुख्य उद्देश्य रहेको बताए।

आधिकारिक ट्रेड युनियन रुपन्देहीका उपाध्यक्ष तथा कार्यशालाका संयोजक भोजराज न्यौपानेले स्वागत मन्तव्य राख्दै रुपन्देही जिल्लाका १६ वटै पालिकामा कर्मचारी र राजनीतिक दलका प्रतिनिधि बिच भौतिक रूपमा उपस्थित भएर तालमेल गरी विभिन्न समस्यालाई अन्त्य गरेको बताए।

कार्यक्रममा राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष उत्सव न्यौपाने , नेपाल निजामती कर्मचारी युनियनका जिल्ला अध्यक्ष चक्रपाणी पाण्डे , नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष प्रेम प्रसाद खनाल लगायतले स्वागत मन्तव्य राखेका थिए।

कार्यक्रमका प्रमुख अतिथि सांसद घिमिरेले पछिल्लो समय कर्मचारी र राजनीतिज्ञ बिच सुमधुर सम्बन्ध स्थापित गर्न राज्य लागिपरेको बताए । उनले सुशासन स्थापित गर्न कर्मचारीले राजनीतिज्ञलाई सहयोग र राजनीतिज्ञले कर्मचारीले कोरेका खाका अनुरूप विकासमा अगाडि बढ्न मद्दत पुगेको बताए। पछिल्लो समय देशमा नयाँ शक्तिको पलायन हुँदा नयाँ शक्तिले प्रशासनिक क्षेत्रमा ध्यान नदिएको कारण सरकारले छुट्टै खाका कोरी दक्ष जनशक्ति रोक्ने प्रयास गरेको बताए।

कार्यक्रममा नेपाली काँग्रेसका जिल्ला सभापति एवं तिलोत्तमामा नगरपालिकाका नगर प्रमुख रामकृष्ण खाँण , नेकपा एमालेका जिल्ला अध्यक्ष यज्ञ गैरे , बुटवल उपमहानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डे , बुटवल उपमहानगरपालिकाका पूर्व उपप्रमुख गुमादेवी आचार्य लगायतले मन्तव्य राखेका थिए। कार्यशालामा कार्यपत्र प्रस्तुतको क्रममा इलाका प्रशासन कार्यालय बुटवलका कार्यालय प्रमुख रामचन्द्र अर्यालले नीति, योजना बजेट ,कार्यक्रम तर्जुमा , कार्यकारी शक्ति र कार्य सम्पादन , विश्वसनीयता अभिवृद्धि , प्रशासनिक धारणा , कार्यपालिका बैठकबाट बजेट विनियोजन गर्ने परम्परा अन्त्य गर्ने , उपभोक्ता बाट काम भन्दा ठेक्काबाट गर्ने लगायतका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए।

कार्यक्रमको सञ्चालन आधिकारिक ट्रेड युनियन रुपन्देहीका सचिव राम प्रसाद शर्माको रहेको थियो।

**Gandaki Provincial Government**

**Ministry of Physical Infrastructure Development and Transport Management**

# Infrastructure Development Directorate

## Infrastructure Development Office

**Nawalaparasi (Bardaghat Susta East)**

# Invitation for Bids

**Date of publication: 2081-10-02 BS**

Infrastructure Development Office, Nawalparasi (Bardaghat Susta East) invites **online bids only** under e-procurement system from eligible bidders for the construction of ***Projects mentioned below*** under National Competitive Bidding. Single Stage Single Envelope procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit only E-Bid as per instructions within the mentioned period.

| S.N | Name of Project | Contract ID | Estimated Cost (Excluding VAT and PS )(NRs.) | Bid Document fee | Bid Security (NRs) |
|---|---|---|---|---|---|
| 1 | Basantapur dekhi kuleni samma sadak starunnati, Devchuli 17 | IDO-NAW(BSE)-W-NCB-35-2081/82 | 8413765.50 | 3000 | 250000 |
| 2 | Deudha dekhi kotthar jodni motorbato starunnati, Bulingtar 1 | IDO-NAW(BSE)-W-NCB-36-2081/82 | 2532507.12 | 3000 | 70000 |
| 3 | Bhadauri sandanda kamidanda adghar gijandanda fulmandidanda sadak nirman, Bulightar | IDO-NAW(BSE)-W-NCB-37-2081/82 | 2533081.01 | 3000 | 70000 |
| 4 | Upgrading of Khahare singetari Kalighat-khasrang-gurutar-Devisthan-kermatar road,Baudhikali | IDO-NAW(BSE)-W-NCB-38-2081/82 | 1251716.23 | 1000 | 35000 |

Last date of bid submission: 2081-11-02, 12:00 PM

Information to deposit the cost of bidding document in Bank:

Name of the Bank:- Rastriya Banijya Bank Ltd.

Name of Office: - Infrastructure Development Office, Kawasoti, Nawalparasi ( Bardaghat Susta East)

Office Code no. :- 3370146014

Office Account no(Rajaswa).: - 1000100200010000

Rajaswa (revenue) Shirshakno. : 14229

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# विजनेश प्लान च्यालेन्ज सम्पन्न



बुटवल । बुटवलको कालिकानगर स्थित क्षितिज इन्टरनेशनल कलेज विद्यार्थी कल्याण परिषद र क्षितिज इन्टरनेशनलको आयोजनामा विजनेश प्लान च्यालेन्ज (सिजन ३) प्रतियोगिता सम्पन्न भएको छ।

प्रतियोगितमा रूपन्देही जिल्ला अन्तर्गत स्नातक तहका १३ वटा कलेज सहभागी हुन भएका थिए। सो प्रतियोगितामा क्षितिज इन्टरनेशनल कलेज प्रथम भएको छ। क्षितिजले नगद ४० हजारसहित कप, मेडल र प्रमाणपत्र प्राप्त गर्यो । यस्तै प्रतियोगितामा द्बितिय तिलोत्तमा क्याम्पस र तृतीय सिद्धार्थ इन्टरनेशनल कलेज भयो। उनीहरुले क्रमशः नगद २५ हजार र १५ हजार रुपैँयासहित कप, मेडल र प्रमाणपत्र पाए।

उक्त प्रतियोगिताको लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार मन्त्री भूमिश्वर ढकालले एक कार्यक्रमका बीच उद्घाटन गरे। सो अवसरमा बोल्दै मन्त्री ढकालले पछिल्लो समय युवाहरु विदेशी क्रम बढीरहेको र कसरी रोक्न सकिन्छ भन्ने बहस चलिरहेकोमा कलेजले आयोजना गरेको कार्यक्रमले स्वदेशमै उद्यम गर्नेहरुलाई सहयोग पुराउने बताए।

'अहिले नेपालमा केही छैन् भनेर विदेशीने क्रम बढी रहेको छ। यसलाई रोक्न कसरी सकिन्छ भनेर बहस चलिरहेको अवस्थामा क्षतिज कलोज आयोजना गरेको यो कार्यक्रम पक्कै पनि सहयोगि हुने नै छ। निरन्त रुपमा यस्तै हौसला बढाउने कार्यक्रम गरेर विद्यार्थीहरुलाई स्वदेशमै केही गर्ने मनोबल बनाउने कार्यक्रम गर्न आग्रह पनि गर्छु,' -मन्त्री ढकालले भने।

मन्त्री ढकालले नेपालमै धेरै सम्भावना रहेको बताउँदै त्यसलाई कसरी प्रयोग गर्ने भन्ने महत्वपूर्ण भएकाले प्रदेश सरकार सम्भावनालाई कसरी सहि रुपमा प्रयोग गर्न सकिन्न भन्ने तर्फ नै केन्द्रित रहेको बताए।

क्षितिज इन्टरनेशनल कजेलका अध्यक्ष रामेश्वर श्रेष्ठले विद्यार्थीहरुलाई व्यवहारिक ज्ञान दिनको लागि जनामा विजनेश प्लान च्यालेन्जको आयोजना गरेको बताए। कजेलका प्रिन्सिपल डा.सूर्य रानाले यस अघि २०१९ र २०२२ मा विजनेश प्लान च्यालेन्जको पहिलो र दोस्रो संस्करण गरेको बताउँदै धेरै नै प्रभावकारी दिएको बताए।

यसलाई आफुहरुले निरन्तरता दिने समेत बताए। कार्यक्रममा क्षतिज इन्टरनेशलन कजेलका सल्लाहाकार ज्ञानेन्द्र कसजु, निर्मलप्रसाद लाकौल, लोकनाथ उपाध्याय, होराइजन गौतमबुद्ध स्कुलका प्रिन्सिपल गोपाल आचार्य, बुटवल मोडन कजेलका प्रिन्सिपल डा. नेत्र बस्याल लगायतको सहभागिता रहेको थियो।

उक्त विजनेश च्यालेन्ज सिजन ३ को निर्णयकको रुपमा अजयमान श्रेष्ठ, सृष्टि गुरुङ र समयक ब्रजाचार्य रहेका थिए। कार्यक्रममा विजनेश प्लान च्यालेन्जका अध्यक्ष किरणध्वज अधिकारीको अध्यक्षतामा सम्पन्न भएको थियो। प्रतियोगिताको मुख्य प्रयोजकको रुपमा गरिमा विकास बैंक लि. रहेको थियो।

# न्यु होराइजनमा छात्रा भलिबल र बास्केटवल प्रतियोगिता शुरु




बुटवल। बुटवलमा तेस्रो रुपन्देही जिल्लास्तरीय छात्रा भलिबल र छात्र -छात्रा बास्केटबल प्रतियोगिता शुरु भएको छ।

न्यू होराइजन मावि बुटवलको संरक्षकत्वमा न्यु होराइजन स्पोर्टस क्लबको आयोजनामा मंगलबार दुबै प्रतियोगिता एकसाथ उद्घाटन भएका हुन्।

बुटवल नगर खेलकुद विकास समितिका अध्यक्ष बोनिन पिया, न्यु होराइजन माविका कोषाध्यक्ष रामेश्वर श्रेष्ठ, प्राचार्य लोकनाथ उपाध्याय, जिल्ला भलिबल संघ रुपन्देहीका अध्यक्ष सुरेन्द्र शाक्यले भलिबलका रेफ्री संयोजक किसन चन्द र बास्केटबलका रेफ्री सशांकलाल प्रधानलाई बल हस्तान्तरण गरी संयुक्त रुपमा दुबै प्रतियोगिता उद्घाटन गरेका हुन्।

सो अवसरमा बोल्दै अध्यक्ष पियाले न्यू होराइजनले शैक्षिक नतिजामा उत्कृष्टता हासिल गरेजस्तै विभिन्न खेलकुद प्रतियोगिता समेत आयोजना गरेर खेलाडी उत्पादन र खेलकुदको विकासमा ठूलो योगदान गरेको बताए। उद्घाटन समारोहमा विद्यालयका प्राचार्य लोकनाथ उपाध्ययाय,उपप्राचार्यहरु बालकृष्ण भण्डारी,बासुदेव अर्याल र राजीव श्रेष्ठ, क्लबका अध्यक्ष चेतन ठकुरी, भलिबल संयोजक जनक श्रेष्ठ, विद्यालयका खेलकुद संयोजक मिलन राना लगायतले बोल्दै खेलकूदका विभिन्न विधामा खेलाडी उत्पादन र विद्यार्थीको खेल प्रतिभा प्रष्फुटनका लागि क्लब र विद्यालयले स्थानिय देखि राष्ट्रियस्तरका प्रतियोगिताहरु आयोजनाहरु गर्दै आएको बताए। छात्रा भलिबलतर्फ पहिलो दिन ४ वटा खेल सम्पन्न भएका छन्। जसमा पहिलो खेलमा होराइजन जिबिएसलाई पराजित गर्दै ग्रीन प्लान्ट बोर्डिङ सकूल देवदह विजयी भएको छ। दोस्रो खेलमा शिवपुर मावि तिलोत्तमालाई पराजित गर्दै कान्ति मावि बुटवल विजयी भएको छ।

तेस्रो खेलमा ज्ञानगंगा पाठशाला तिलोत्तमालाई पराजित गर्दै बुद्ध पब्लिक स्कूल देवदह विजयी भएको छ।

प्रतियोगितामा रुपन्देहीका सामुदायिक र संस्थागत विद्यालयबाट १२ टिमले प्रतिस्पर्धा गरेका छन्।

माघ ३ गतेसम्म संचालन हुने भलिबल प्रतियोगिता लिग कम नकआउट र बेष्ट अफ फाईभको आधारमा खेलाइएको छ। उपाधि विजेताले नगद नगद ४० हजार, उपविजेताले नगद २५ हजार रुपैया, तेस्रो टिमले नगद १५ हजार रुपैया तथा चौथो टिमले नगद १० हजार रुपैया नगद तथा कप, मेडल, प्रमाणपत्र पाउने उनले बताए। छात्रा भलिबलको पहिलो संस्करण एभरेष्ट बोर्डिङ बुटवल र दोस्रो संस्करणको उपाधि न्यु होराइजन मावि बुटवलले जितेका थिए।

बास्केटबलको छात्रतर्फ दीप बोर्डिङलाई न्यू होराइजनले ८-६ ले जितेको छ।

यस्तै एभरेष्ट बोर्डिङलाई ब्रिटिस ग्रामर तिलोत्तमाले १८-१४ ले जितेको छ।

यस्तै सिद्धार्थ बोर्डिङलाई दीप बोर्डिङले ३०-११ को फराकिलो अन्तरले जितेको छ। बास्केटबलको छात्रातर्फ एभरेष्टलाई दीप बोर्डिङले ६-५ ले जितेको छ। यस्तै दीप बोर्डिङलाई न्यू होारइजनले २४-२ को फराकिलो अन्तरले जितेको छ।

बास्केटबलमा छात्रतर्फ ६ र छात्रातर्फ ४ टिमले प्रतिस्पर्धा गरेका छन्। बास्केटबलमा विजेता टिमलाई नगद १० हजार र उपविजेतालाई नगद ५ हजार रुपैया नगद सहित पुरस्कृत गरिने विद्यालयका खेल संयोजक मिलन रानाले बताए।

# बेवरीमा माघी महोत्सव



बुटवल। रुपन्देहीको तिलोत्तमा नगरपालिका बेवरीमा माघी महोत्सव गरिएको छ। बेवरी आदर्श टोल विकास संस्थाले माघे सक्रान्तिको अवसरमा स्थानीय विभिन्न जातजातीहरुको संस्कृतिको संरक्षण गरि आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले तिलोत्तमा वडा नं. १० स्थित बेवरी ग्रिनपार्कमा सक्रान्ति (माघी) महोत्सव गरिएको हो।

त्यस अवसरमा बोल्दै तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाँणले तिलोत्तमा नगरपालिकामा बहुजाती, बहुभाषी रहेको र उनीहरुका आफ्नै संस्कार, सस्कृति तथा रहनसहन रहेको बताउँदै उनीहरुको कला संस्कृति, उनीहरुको पहिचानसंग जोडिएका खानाका परिकारहरुको प्रवर्द्धन गर्ने र त्यसलाई ब्राण्डिङ गर्न सक्ने हो भने त्यसका माध्यमबाट पहिचानसंगै आर्थिक उपार्जन समेत गर्न सकिने बताए। उनले यस्ता कार्यक्रमले आन्तरिक पर्यटन प्रवर्द्धन गर्नुको लागि स्थानीय जातजातीका कलासंस्कृति, उनीहरुका खानाका परिकार प्रवर्द्धनमा योगदान पुग्ने विश्वास पनि व्यक्त गरे।

त्यस अवसरमा माघी महोत्सव आयोजक संस्था बेवरी आदर्श टोल विकास संस्थाका अध्यक्ष कृष्ण बहादुर बरालले स्थानीय जातजाती, भाषाभाषी धर्म समुदायका कला संस्कृति, उनीहरुको पहिचानसंग जोडिएका खानाका परिकार प्रवर्द्धनका लागि माघी मेला आयोजना गरिएको बताउँदै आगामी दिनमा पनि यो कार्यक्रमलाई निरन्तरता दिने बताउँदै सबैसंग साथ सहयोगको लागि आग्रह गरे।

माघे सक्रान्तिको दिन मंगलबार एक दिन आयोजना गरिएको कार्यक्रममा त्यस क्षेत्रमा बाहुल्य रहेको थारु, मगर लगायतका जातजातीका पहिचान जोडिएका खानाका परिकार सहितका स्टल राखिएको थियो। त्यसैगरी ती समुदायका कला संस्कृतिसंग सम्बन्धित सांस्कृतिक कार्यक्रम तथा झाँकी प्रदर्शन गरिएको कार्यक्रम संयोजक बिरेन्द्र कंडेलले जानकारी गराए। त्यस अवसरमा स्थानीय तथा राष्ट्रिय कलाकारहरुको प्रस्तुती समेत रहेको उनले बताए।

# बुटवल सुनचाँदीको अध्यक्षमा गोकुल



बुटवल। बुटवल सुनचाँदी ब्यवसायी संघको चौथो र पाँचौ साधारणसभा तथा दोस्रो अधिवेशन नयाँ नेतृत्व चयन गर्दै बुटवलमा सम्पन्न भएको छ। अधिवेशनले नयाँ नेतृत्व सर्वसहमत चयन गरेको हो।

अधिवेशनबाट संघको १७ सदस्यीय नयाँ नेतृत्व गकुल विश्वकर्माको अध्यक्षतामा सर्वसम्मत रुपमा निर्वाचित भएको छ। जसमा उपाध्यक्ष कृष्ण ब. सुनार, सचिव चुरामणी वि.क (दिपक ), कोषाध्यक्ष दल बहादुर वि.क.(राजु), स-सचिव इन्द्रबहादुर वि.क.(मनोज ), सह-कोषाध्यक्ष सरोज गहतराज रहेका छन।

यसैगरि सदस्यहरुमा दिलिप विश्वकर्मा, हरि गहतराज, अमृत बेवारे, प्रेम विश्वकर्मा(हुकुम), बल बहादुर वि.क, विजुला विश्वकर्मा, निमा खड्का, राम बहादुर रसाइली, लक्षमण लोहनी, र शेर बहादुर विश्वकर्मा रहनु भएको निर्वाचन अधिकृत गोमति सुनारले बताए।

यस अघि संघको अधिवेशनको उद्घाटन नेपाल सुनचादी व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष अर्जुन रसाइलीले गर्नु भएको थियो। सो अवसरमा बोल्दै प्रमुख अतिथि रसाइलीले सुनचादी व्यवसायीलाई सरकारबाट सहयोग प्राप्त नभएको बताउदै व्यवसायिक एकता बलियो भएमात्र आफ्नो अधिकार प्राप्त हुने हुदा सुनचाँदी व्यवसायीहरु अब नयाँ तरिकाबाट अघि बढन जरुरी रहेको बताएका थिए।

कार्यक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेश सभापति चन्द्र किशोर गौतम, लुम्बिनी प्रदेश सभापति धुर्व कुमार गहतराज, केन्द्रीय सदस्यहरु चेत नारायण विश्वकर्मा, दिपक कुमार स्वर्णकार, राजेन्द्र सुनार, बुटवल उपमहानगरपालिका कार्यपालिका सदस्य यम बहादु सुनार, निवर्तमान केन्द्रीय सदस्य एमबि विश्वकर्मा लगायतले बोलेका थिए।

कार्यक्रम संघका अध्यक्ष गकुल विश्वकर्माको अध्यक्षता, सचिव चुरामणी बिकको सञ्चालन तथा सहसचिव कृष्ण सुनारको स्वागतमा कार्यक्रम सम्पन्न भएको थियो।




आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com